प्रदेश सरकार
**लुम्बिनी प्रदेश**
**वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
# डिभिजन वन कार्यालय
# लिवाङ, रोल्पा

"सम्बृद्दीको लागि वन"

## दाँतेओखरको ग्राफ्टिङ बिरुवा खरीदको लागि सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति :- २०७९/०७/०२)**

यस कार्यालयको चा.लु आ.व. २०७९/०८० को जडीबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम तर्फको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत आपुर्तिकर्ताबाट तपसिल बमोजिमका दाँतेओखरको विरुवा खरिद तथा तोकिएको स्थानमा ढुवानी गर्नुपर्ने भएकोले तपसिलका विवरणको परिधिमा रही प्रचलित कानुन बमोजिम योग्यता पुगेका आपुर्तिकर्ताहरुबाट व्यवसायिक प्रमाण (संस्था दर्ता/नबिकरण प्रमाण पत्र, स्था.ले.नं./मु.अ.कर दर्ता प्रमाण पत्र, गत आ.व.को कर चुक्ता प्रमाण पत्र लगाएतका कागजात प्रतिलिपी) संलग्न राखी यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिकमा प्रथम पटक मिति २०७९/०७/०२ मा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा खरीद गरी १६ औं दिनमा दिनको १२:०० बजे सम्ममा देहायको शर्तको अधिनमा रही यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दाखिला गर्न आह्वान गरिन्छ । दरभाउ फाराम यस कार्यालयबाट रु.१०००/- (फिर्ता नहुने गरी) तिरि कार्यालय समयमा खरिद गर्न सकिने छ ।

**तपसिल :**

| क्र.सं. | विरुवा प्रजाति | आपूर्ति गर्नुपर्ने स्थान र समय | | |
|---|---|---|---|---|
| | | स्पेसिफिकेसन | जम्मा परिमाण | आपूर्ति गर्नुपर्ने स्थान र समय |
| १ | दाँतेओखर | स्पष्ट स्रोत खुलेको, उमेर १ देखी २ वर्ष, १.५ देखी २.५ फिट सम्म उचाई भएको पराल/जुट/प्लाष्टिकले माटो सहितको जरा बेरिएको, रोग, किरा नलागेको स्वस्थकर ग्राफ्टिङ विरुवा | २,००० | डिभिजन वन कार्यालय, रोल्पामा<br>२०७९ पुस पहिलो हप्ता भित्र |
| | जम्मा | | २,००० | |

शर्तहरु :

१. नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशन भएको मिति २०७९/०७/०२ ले १५ (पन्ध्र) दिन वा २०७९/०७/१६ गते साँझ ४:०० बजे सम्ममा (कार्यालय समय भित्रमा) यस कार्यालयबाट तोकिएको मूल्य (फिर्ता नहुने गरी) तिरी दरभाउपत्र खरिद गर्न सकिने छ । दरभाउपत्र खरिद गर्न ईच्छुक व्यक्ति/फर्म वा कम्पनीका प्रोप्राइटरले दरभाउपत्र खरिद गर्न दिइएको निवेदनको साथमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

प्रदेश सरकार
**लुम्बिनी प्रदेश**
**वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
# डिभिजन वन कार्यालय
# लिवाङ, रोल्पा

"सम्वृद्धीको लागि वन"

डिभिजनल वन अधिकृत

२. खरीद गरिएका दरभाउ पत्रहरु रितपूर्वक भरी सिलबन्दी गरेर मिति २०७९/०७/१७ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ । दरभाउ पत्र बिक्रि गर्ने, दाखिला गर्ने अन्तिम दिन र दरभाउपत्र खोल्ने दिनमा बिदा परेमा सो को भोलीपल्ट बिक्री, दाखिला र खोल्ने कार्य हुनेछ । पेश भएका दरभाउपत्रहरु मिति २०७९/०७/१७ गते दिउसो २:०० बजे प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

३. जसको नाममा बिक्रि भएको दरभाउपत्र फाराम हो, उसैको तर्फबाट दाखिला गर्नुपर्ने छ ।

४. उल्लेखित विरुवाहरु उपलब्ध गराउन ईच्छुक व्यक्ति/फर्म वा कम्पनी का प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र करचुक्ताको प्रमाणपत्र दरभाउपत्रसाथ पेश गर्नुपर्ने छ ।

५. दरभाउपत्रको साथमा रु.२५,०००/- ले हुने धरौटी रकम, कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा नेपाल बैंक लिमिटेडमा रहेको धरौटी खाता नं ०७६०२०००००२००३००००१ डिभिजन वन कार्यालय, रोल्पाको कोड नं. ३२९०१५४०१५ मा जम्मा गरी सो को सक्कल भौचर वा कम्तिमा ७५ दिन म्याद कायम रहेको रितपूर्वकको बैंक ग्यारेन्टी वा बैंक ड्राफ्ट समावेश हुनुपर्नेछ ।

६. दरभाउपत्रमा सकार रकम, अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

७. म्याद नाघी वा रीत नपुगी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरीने छैन ।

८. दरभाउपत्र सम्बन्धी प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उल्लङ्घन भएमा दरभाउपत्र मान्य हुने छैन ।

९. दरभाउपत्र सदर वा वदर गर्ने अधिकार, अधिकार प्राप्त अधिकारीका निहित रहने छ ।

१०. उपयुक्त सुचना सम्बन्धमा कुनैकुरा हेरफेर वा संसोधन गर्नु परेमा यस कार्यालयबाट गर्न सकिने छ ।

११. सकार दररेट र बिनियोजित बजेटको आधारमा विरुवाको परिमाणमा सामान्य थपघट हुनसक्ने छ ।

१२. सूचना बमोजिमका विरुवाहरुको गुणस्तर यस कार्यालयका प्रतिनिधीबाट चेकजाँच गराई गुणस्तर ठीक भएमा मात्र विरुवा आपूर्ति गर्नुपर्ने छ ।

१३. तोकिएको स्थानमा विरुवा आपुर्ति भएमा क्षति नपुगेको स्वस्थकर विरुवा मात्र गणना गरी खरीद गर्न सकिने छ ।

१४. अन्य शर्तहरुको हकमा प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

ईति सम्वत् २०७९ साल कार्तिक महिनाको २ गते रोज ४ मा शुभम् ।